ाज मिति २०७४।१०।२२ गतेका दिन राप्ती सोनारी गाउपालिकाको बैठक राप्ती सोनारी गाउपालिकाका अध्यक्ष श्री ाहुराम थारुको अध्यक्षतामा निम्न उपस्थितिमा बसी निम्न बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| | | | | | |
|---|---|---|---|---|---|
| श्री लाहुराम थारु | अध्यक्ष | | | | |
| श्री धनी कुमारी खत्री | उपाध्यक्ष | | | | |
| श्री चन्द्र बहादुर वली | वडा अध्यक्ष | वडा नं. | | १ | सदस्य |
| श्री मदन कुमार वली | ,, | ,, | ,, | २ | सदस्य |
| श्री गंगाराम थारु | ,, | ,, | ,, | ३ | सदस्य |
| श्री कान्छा थारु | ,, | ,, | ,, | ४ | सदस्य |
| श्री झगरु थारु | ,, | ,, | ,, | ५ | सदस्य |
| श्री जनक बहादुर थारु | ,, | ,, | ,, | ६ | सदस्य |
| श्री रामलखन थारु | ,, | ,, | ,, | ७ | सदस्य |
| श्री खुम बहादुर बस्नेत | ,, | ,, | ,, | ८ | सदस्य |
| श्री महावीर वली | ,, | ,, | ,, | ९ | सदस्य |
| श्री दमकला जैसी | महिला सदस्य | | | | सदस्य |
| श्री नैनी कुमारी खत्री | ,, | ,, | | | सदस्य |
| श्री मीना कुमारी विष्ट | ,, | ,, | | | सदस्य |
| श्री लिला नेपाली | ,, | ,, | | | सदस्य |
| श्री देवराज कुमाल | | | | | सदस्य |
| श्री पतरी दपाई | | | | | सदस्य |
| श्री भरत कुमार मल्ल | प्रमुख प्रशासकीय अधिकृत | | | | सचिव |

निर्णय:-

नं. १. शौर्य उर्जा बाट सडक वत्ति राख्नको लागी बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्र बाट ७० प्रतिशत र गाउपालिका बाट ३० प्रतिशत लगानी गर्ने गरी सम्झौता भएकोले सो सम्झौता अनुसार सडक वत्ति राख्ने कामको लागी सम्पूरक कोष बाट रु. १२८५६७३। लगानी गर्ने निर्णय गरियो ।

नं.२. यस गाउपालिकाका विद्युतिकरण नभएका वडाहरु का सर्वसाधारणहरु अध्यारोमा बस्न बाध्य भएकोले त्यस्ता वडाहरुमा बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट शौर्य उर्जा प्यानल जडानको लागी लगानी गर्ने आश्वासन भएको र गाउपालिका तथा उपभोक्ताबाट समेत केही हिसा लगानी गर्नु पर्ने भएकोले सो कार्यमा लगानी गर्न समपूरक कोष बाट रु. ८२१४३२७ लगानी गर्ने निर्णय गरियो ।

नं. ३. यस राप्ती सोनारी गाउँपालिका स्तरीय आधारभुत तह कक्षा ८ को अन्तिम परिक्षा संचालनका लागि मिति २०७४।१०।१६ गते बसेको यस गाउपालिकाको गाउँ शिक्षा समितिले आधारमुत शिक्षा उत्तिर्ण परिक्षा समिति ( मुल तथा उप समिति ) तपसिल वमोजिम भएको सदस्यहरु रहने गरि गठन गरेकोले सो निर्णलाई अनुमोदन गर्ने निर्णय गरियो ।

मुल समिति

क. संयोजक श्री जीवन न्यौपाने ( वि.नि.)

ख. सदस्य श्री ओम प्रकाश थापा (प्र.अ.) मा.वि. अगैया

ग. सदस्य श्री शेर जङ्ग गौतम (प्र.अ.)

घ. सदस्य श्री मोहन खनाल

ङ. सदस्य सचिव श्री विष्णु शर्मा

उप-समिति

संयोजक श्री विष्णु शर्मा

सदस्य श्री गोपाल बटाला

सदस्य श्री शिव प्रसाद देवकोटा

सदस्य श्री राजेश थारु

सदस्य श्री भुवन चौधरी

नं. ४. यस गाउँपालिकामा सञ्चालित विद्यालयलाई कक्षा तथा नयाँ तहको अनुमति दिदा निरीक्षण गर्न तोकिएको व्यक्तिको निरीक्षण प्रतिवेदन तथा शिक्षा ऐन २०२८ शिक्षा नियमावली २०५९ मा व्यवस्था भए अनुसारको न्यूनतम पूर्वाधार पुरा गरेका विद्यालयहरुलाई अनुमति दिदा कक्षा थपको हकमा गाउँ कार्यपालिकाको बैठकले निर्णय गर्ने गरी अनुमति प्रदान गर्ने साथै विद्यालयहरुले अनुमति शुल्क दस्तुर तपसि वमोजिम हुने गरी निर्णय गरियो ।

क. फारम शुल्क रु. १०००।

ख. थप कक्षा ( संस्थागत विद्यलयको हकमा )

१) आधारभूत तह १००००।

२) मध्यामिक तह २००००।